# पाठ ६

१. आदिमा भनेको के हो ?

- आदिमा भनेको त्यो समय हो जतिबेला धेरै समय पहिले परमेश्वरले सबै थोक सृष्टि गर्नुभएको थियो ।

२. आदिमा संसारमा भएका सबै थोकको सृष्टि कसले गर्नुभयो ?

- परमेश्वरले ।

३. परमेश्वरले सबै थोक सृष्टि गर्नुभन्दा पहिले संसारमा के थियो ?

- केही पनि थिएन, शून्य थियो ।

४. यदि संसारमा केही पनि थिएन भने सृष्टि गर्नको निम्ति परमेश्वरले के कुरा प्रयोग गर्नुभयो ?

- केही पनि प्रयोग गर्नुभएन ।

५. त्यसोभए परमेश्वरले कसरी सृष्टि गर्नुभयो त ?

- परमेश्वरले शून्यमा संसारको सृष्टि गर्नुभयो ।

६. परमेश्वर कसरी शून्यमा सबै कुरा सृष्टि गर्न सक्षम हुनुभयो ?

- परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ ।
- परमेश्वरको शक्ति कहिल्यै सकिदैन ।
- परमेश्वरको शक्ति सनातनदेखि सनातनसम्म रहन्छ ।

७. परमेश्वरको शक्तिको कुनै सीमा छ ?

- छैन ।

८. के शैतान वा उसका सहयोगी शैतानहरू वा मानिसहरू परमेश्वरभन्दा शक्तिशाली छन् ?

- छैनन् ।

९. सबै कुरा कसरी सृष्टि गर्ने भनेर परमेश्वरलाई कसैले सिकाएको हो ?

- अहँ, होइन ।

१०. किन कसैले परमेश्वरलाई सिकाएन ?

- किनभने आदिमा त्यहाँ परमेश्वरलाई सिकाउन कोही पनि थिएन ।

- त्यसबाहेक परमेश्वरलाई सिकाइमाग्नको निम्ति कोही चाहिदैन ।

११. परमेश्वरको समझको कुनै सीमा छ ?

- अहँ, छैन ।

१२. परमेश्वरभन्दा बुद्धिमान् कोही छ ?

- छैन ।

- आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो ।

आउनुस् उत्पत्ति १:१-२क पढौं ।

१- आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो ।

२- पृथ्वी आकारविनाको र शून्य थियो ।

- परमेश्वरले सृष्टि गर्नुभन्दा पहिले संसार कस्तो थियो ?

- आदिमा त्यहाँ उज्यालो थिएन ।
- आदिमा सारा पृथ्वीलाई अन्धकारले ढाकेको थियो ।
- यदि दिनमा सूर्यको उज्यालो हुदैनथ्यो भने के तपाईंलाई मन पर्थ्यो ?
- पर्दैनथ्यो ।
- यदि रातमा जूनको उज्यालो हुँदैनथ्यो भने के तपाईंलाई मन पर्थ्यो ?
- पर्दैनथ्यो ।
- यदि पृथ्वीमा उज्यालो हुँदैनथ्यो भने के यो डरलाग्दो हुन्थ्यो ?
- हो, डरलाग्दो हुन्थ्यो ।
- तपाईं एकअर्कालाई देख्न सक्नुहुन्नथ्यो ।
- तपाईं आफ्नो बालीनाली लागाउनको लागि देख्न सक्नुहुन्थ्यो ।
- तपाईं आफ्नो घर बनाउनको लागि देख्न सक्नुहुन्नथ्यो ।

- आदिमा त्यहाँ उज्यालो थिएन ।
- आदिमा त्यहाँ सुख्खा जमिन पनि थिएन ।
- आदिमा सारा पृथ्वीलाई पानीले ढाकेको थियो ।

आउनुस् उत्पत्ति १:२ख पढौं ।

२-अथाह समुद्रमाथि अन्धकार थियो र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो ।

- आदिमा पृथ्वीमा जीवन थिएन ।
- तर त्यहाँ पवित्र आत्मा परमेश्वर हुनुहुन्थ्यो ।
- पवित्र आत्मा परमेश्वर सबै थोक सृष्टि गर्न पर्खिरहनुभएको थियो ।

- त्यहाँ तीन व्यक्तित्व हुनुहुन्छ जो एक परमेश्वर हुनुहुन्छ तर परमेश्वर केवल एक हनुहुन्छ भन्ने कुरा तपाईंलाई सम्झना छ ?
- पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरले सँगै सबै थोक सृष्टि गर्नुभएको हो ।
- आदिमा परमेश्वरले पहिलो दिनमा के सृष्टि गर्नुभयो ?

आउनुस् उत्पत्ति १:३ पढौं ।

३-अनि परमेश्वरले भन्नुभयो, "उज्यलो होस् ।" तब उज्यालो भयो ।

- पहिलो दिनमा परमेश्वरले उज्यालोको सृष्टि गर्नुभयो ।
- परमेश्वरले पहिलो दिनमा कसरी उज्यालोको सृष्टि गर्नुभयो ?

परमेश्वरले केवल बोलेर उज्यालोको सृष्टि गर्नुभयो ।

के परमेश्वरबाहेक अरू कसैले केवल बोलेर उज्यालोको सृष्टि गर्नसक्छ ?

सक्दैन ।

यहाँ एउटा उदाहरण छ :

एक रात तपाईं झाडीमा पर्नुभयो जहाँ उज्यालो थिएन ।

त्यहाँ जून वा ताराको उज्यालो छैन ।
एकदमै अँध्यारो छ र तपाईं केही पनि देख्न सक्नुहुन्न ।
के तपाईंले "उज्यालो होस् ।"भन्दैमा उज्यालो हुन्छ र ?
हुँदैन ।

तर परमेश्वरले केवल बोल्नुमात्रै भयो र उज्यालोको सृष्टि भयो ।

उज्यालो कसरी सृष्टि गर्ने भनी परमेश्वरलाई कसरी थाहा भयो ?

परमेश्वरलाई सबै कुरा थाहा छ ।
परमेश्वरलाई थाहा नभएको केही पनि कुरा छैन ।

उज्यालोको सृष्टि गर्नु परमेश्वरलाई गाह्रो थियो ?
थिएन ।
किन थिएन ?
किनभने परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ ।
किनभने परमेश्वरले गर्न नसक्ने कुनै थोक छैन ।

आउनुस् उत्पत्ति १:४क पढौं ।

४- परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो ।

- परमेश्वरले सृष्टि गर्नुभएको उज्यालो असल थियो ।

- यसकारणले किनभने परमेश्वर सिद्ध हुनुहुन्छ ।
- यसकारणले किनभने परमेश्वरले गर्नुहुने सबै काम सिद्ध हुन्छन् ।

- पुरुषहरू घर बनाउँछन् तर कहिलेकाहीँ छानो चुहिन्छ ।
- महिलाहरू भाँडा बनाउँछन् तर कहिलेकाहीँ भाँडो फुट्छ ।

- तर परमेश्वरले सबै थोक सिद्ध सृष्टि गर्नुभयो ।
- किन ?
- किनभने परमेश्वर सिद्ध हुनुहुन्छ ।

- उज्यालोको सृष्टि गरिसकेपछि परमेश्वरले के गर्नुभयो ?

आउनुस् उत्पत्ति १:४ख-५ पढौं ।

४-उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो ।

५-परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारोलाई "रात" भन्नुभयो । साँझ पऱ्यो र बिहान भयो पहिलो दिन ।

- जब परमेश्वरले उज्यालोको सृष्टि गर्नुभयो उहाँले सबै अन्धकारलाई हटाउनुभएन ।

- परमेश्वरले रातिको समयमा रहनलाई केही अँध्यारो बाँकीराख्नुभयो ।

- परमेश्वरले केही अँध्यारो बाँकी राख्नुभएको थिएन भने कस्तो हुन्थ्यो होला ?
- हामी सुत्न सक्दैनथ्यौं ।

- परमेश्वरले केही अँध्यारोलाई बाँकी राख्नुभयो ताकि हामी सुत्न सकौं ।

- परमेश्वरले गर्नुहुने सबै काम सिद्ध हुन्छन् ।
दोस्रो दिन परमेश्वरले के सृष्टि गर्नुभयो ?

आउनुस् उत्पत्ति १:६ ८ पढौं ।

६ अनि परमेश्वरले भन्नुभयो, "पानीका बीचमा एक क्षेत्र होस् र त्यसले पानीलाई दुई भाग गरोस् ।"
७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो । तब त्यस्तै भइहाल्यो ।
८-परमेश्वरले यस अन्तरिक्षलाई आकाश भन्नुभयो । साँझ पर्‍यो र बिहान भयो - दोस्रो दिन ।

- दोस्रो दिन परमेश्वरले आकाशको सृष्टि गर्नुभयो ।

- दोस्रो दिन परमेश्वरले कसरी आकाशको सृष्टि गर्नुभयो ?
- परमेश्वरले केवल बोलेर आकाशको सृष्टि गर्नुभयो ।

- के आकाशको सृष्टि गर्नु परमेश्वरको निम्ति गाह्रो काम थियो ?

- थिएन ।

- किन थिएन ।

- किनभने परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ ।

- किनभने परमेश्वरले गर्न नसक्नुहुने कुनै कुरा छैन ।

- पृथ्वीलाई ढाकेको पानीलाई परमेश्वरले कसरी अलग गर्नुभयो ?

- परमेश्वरले केही पानीलाई पृथ्वीबाट निकालेर माथि आकाशमा राख्नुभयो ।

- परमेश्वरले बाँकी पानीलाई पृथ्वीमा छोड्नुभयो ।

- तेस्रो दिन परमेश्वरले के सृष्टि गर्नुभयो ?

आउनुस् उत्पत्ति १:९-१० पढौं ।

९-अनि परमेश्वरले भन्नुभयो, "आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस् र ओबानो भूमि देखा परोस् ।" तब त्यस्तै भइहाल्यो ।

१०-परमेश्वरले ओबानो भूमिलाई "पृथ्वी" भन्नुभयो र जम्मा भएको पानीलाई "समुद्र" भन्नुभयो । अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।

- तेस्रो दिन परमेश्वरले सुख्खा भूमि सृष्टि गर्नुभयो ।

- सुख्खा जमिन देखापरोस् भनेर कसले पानीलाई एक ठाउँमा जम्मा हुन आदेश दिनुभयो ?
- परमेश्वरले ।

- परमेश्वरले पानीलाई किन एक ठाउँमा जम्मा होस् भनी आदेश दिन सक्नुभयो जुन आदेश पानीले पालना गर्नैपर्थ्यो ?

- किनभने पानीलाई परमेश्वरले सृष्टि गर्नुभएको हो ।

- कुनै मान्छे नदीमा जान्छ र नदीलाई एक ठाउँमा जम्मा होस् म तरेर पारी जान्छु भन्नसक्छ ?
- सक्दैन ।

- परमेश्वरले तेस्रो दिन अरू के कुरा सृष्टि गर्नुभयो ?

आउनुस् उत्पत्ति १:११-१३ पढौं ।

११-अनि परमेश्वरले भन्नुभयो, "भूमिले वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र आ-आफ्नो किसमको बीउ हुने फल फल्ने वृक्षहरू पृथ्वीमा उमारोस् ।" तब त्यस्तै भइहाल्यो ।

१२-भूमिले वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र आ-आफ्नो किसिमको फल हुने वृक्षहरू उमार्‍यो । अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।

१३-साँझ परयो र बिहान भयो- तेस्रो दिन ।

- तेस्रो दिन परमेश्वरले सबै बिरुवाहरू र वृक्षहरू सृष्टि गर्नुभयो ।

- परमेश्वरले सबै बिरुवाहरू र वृक्षहरूको सृष्टि कसरी गर्नुभयो ?
- परमेश्वरले केवल बोलेर सबै बिरुवाहरू र वृक्षहरूको सृष्टि गर्नुभयो ।

- के बिरुवाहरू र वृक्षहरूको सृष्टि गर्नु परमेश्वरको निम्ति गाह्रो काम थियो ?
- थिएन ।
- किन थिएन ?

- किनभने परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ ।
- किनभने परमेश्वरले गर्न नसक्नुहुने कुनै काम छैन ।

- परमेश्वरले कति थरी बिरुवाहरू र वृक्षहरू सृष्टि गर्नुभयो ?
- कसैले गणना गर्नसक्ने भन्दा बढी ।

- परमेश्वरले सबै बिरुवाहरू र वृक्षहरू किन सृष्टि गर्नुभयो ?

- के परमेश्वरलाई बाँच्नको निम्ति बिरुवाहरू र वृक्षहरूको खाँचो पर्छ ?
- पर्दैन ।

- कसको लागि परमेश्वरले सबै बिरुवाहरू र वृक्षहरूको सृष्टि गर्नुभयो ?
- परमेश्वरले तिनीहरूको सृष्टि हामी मानिसको लागि गर्नुभयो ।

- परमेश्वरले किन सबै बिरुवाहरू र वृक्षहरूको सृष्टि गर्नुभयो ?
- किनभने परमेश्वरले हामीलाई धेरै प्रेम गर्नुहुन्छ ।
- यदि रूखहरू थिएनन् भने तपाईं घर बनाउन सक्नुहुन्थ्यो ।
- अहँ ।

- परमेश्वरले रूखहरू हाम्रो निम्ति सृष्टि गर्नुभयो किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ ।

- यदि मकै थिएन भने तपाईं के खानुहुन्थ्यो ?
- धेरै खाइदैनथ्यो ।

- परमेश्वरले हाम्रो निम्ति मकै सृष्टि गर्नुभयो किनभने परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ ।

- परमेश्वरले चौथो दिन के सृष्टि गर्नुभयो ?

उत्पत्ति १:१६-१९ पढौं ।

१६-अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो- ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न र सानो ज्योति रातमाथि प्रभुत्व गर्न । उहाँले ताराहरू पनि बनाउनुभयो ।

१७-अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई,
१८-दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो । अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।

साँझ पऱ्यो र बिहान भयो- चौथो दिन ।

- चौथो दिन परमेश्वरले सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गर्नुभयो ।

- परमेश्वरले कसरी सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गर्नुभयो ।

- परमेश्वरले केवल बोलेर सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गर्नुभयो ।

- किनभने परमेश्वरले तिनलाई आकाशमा राख्नुभयो ।
- किनभने परमेश्वरको काम सिद्ध छ ।

- पाँचौं दिन परमेश्वरले के सृष्टि गर्नुभयो ?

आउनुस् उत्पत्ति १:२०-२१ र २३ पद पढौं ।

२०-अनि परमेश्वरले भन्नुभयो, "पानी जीवित प्राणीहरूले प्रसस्त गरी भरिऊन् र पक्षीहरूचाहिँ पृथ्वीमाथि आकाशमा उड्नून् ।"

२१-यसैले समुद्रका विशाल जलचरहरू, पानीमा भरिएर चलहल गर्ने कसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पक्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो । अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।

२३- अनि साँझ परयो र बिहान भयो- पाँचौं दिन ।

- पाँचौं दिन परमेश्वरले सबै जलचर र पक्षीहरू सृष्टि गर्नुभयो ।

- परमेश्वरले कसरी सबै जलचर र पक्षीहरूको सृष्टि गर्नुभयो ?
- परमेश्वरले सबै जलचर र पक्षीहरूको सृष्टि केवल बोलेर गर्नुभयो ।

- जलचर र पक्षीहरूको सृष्टि गर्नु परमेश्वरको निम्ति गाह्रो थियो ?
- थिएन ।
- किन थिएन ?
- किनभने परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ ।
- किनभने परमेश्वरले गर्न नसक्ने कुनै कुरा छैन ।

- परमेश्वरले कतिथरि जलचर र पक्षीहरू सृष्टि गर्नुभयो ?
- कसैले गन्न सक्ने भन्दा बढी ।

- परमेश्वरले किन सबै जलचर र पक्षीहरू सृष्टि गर्नुभयो ?

- के परमेश्वरलाई बाँच्नको निम्ति जलचर र पक्षीहरूको खाँचो पर्छ ?
- पर्दैन ।

- परमेश्वरले कसको निम्ति सबै जलचर र पक्षीहरूको सृष्टि गर्नुभयो ?
- परमेश्वरले तिनीहरूको सृष्टि हामी मानिसको निम्ति गर्नुभयो ।

- परमेश्वरले किन सबै जलचर र पक्षीहरूको सृष्टि गर्नुभयो ?
- किनभने परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ ।

- परमेश्वरले आफूले सृष्टि गर्नुभएका थोकहरूको बारेमा के भन्नुभयो ?
- परमेश्वरले सबै थोक असल थियो भन्नुभयो ।

- सबै थोक सिद्ध किसिमले सृष्टि गर्न परमेश्वर कसरी सक्षम हुनुभयो ?
- किनभने परमेश्वर सिद्ध हुनुहुन्छ ।

- परमेश्वरले आदिमा सृष्टि गर्नुभएको सबै थोक सिद्ध थियो ।

- आदिमा त्यहाँ कुनै काँडा थिएन ।
- आदिमा त्यहाँ कुनै झारपात थिएन ।
- आदिमा त्यहाँ सबै मकै राम्रोसँग फस्टाउँथ्यो ।

- परमेश्वरले हरेक थोक सिद्ध किसिमले सृष्टि गर्नुभयो किनभने उहाँले हामीलाई धेरै प्रेम गर्नुहुन्छ ।